# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

बेथानचोक, काभ्रे २०७६ फागुन १३ गते, २०७६ साल

# भाग २

## बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोकको

## सूचना

बेथानचोक गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बेथानचोक गाउँपालिकाको

## ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

# बेथानचोक गाउँपालिकाको
# ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः – २०७६।११।१३

**प्रस्तावनाः** बेथानचोक गाउँपालिकाबाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरू, स्थानीय गाउँबासी, सङ्घसंस्था, नेपाल सरकारद्वारा सञ्चालित विकास आयोजनाहरू, दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरू तथा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरूको विकास कार्यक्रमहरूमा माग भएअनुसार स-शुल्क प्रयोग गर्नका लागि बेथानचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यस कार्यालयसँग रहेको ब्याक-हो लोडर सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन गर्ने गराउने गरी यो कार्यविधि स्वीकृत गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "बेथानचोक गाउँपालिकाको ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७६" रहने छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "ब्याक-हो लोडर" भन्नाले यस गाउँपालिकाको स्वामित्वमा रहेको ब्याक-हो लोडर मेशिनलाई सम्झनुपर्दछ । यस कार्यविधिमा ब्याक-हो लोडरलाई "मेशिन" समेत भनी सम्झनुपर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "गाउँसभा" भन्नाले बेथानचोक गाउँ कार्यपालिकाको गाउँसभालाई सम्झन पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले बेथानचोक गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(च) “उपाध्यक्ष” भन्नाले बेथानचोक गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(छ) “गाउँ कार्यपालिका” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ (ङ) मा भएका उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बेथानचोक गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासीकय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) “इन्जिनियर” भन्नाले बेथानचोक गाउँ कार्यपालिका कार्यालयका इन्जिनियरलाई सम्झनु पर्दछ ।

(ञ) “कार्यालय” भन्नाले बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ट) “कोष” भन्नाले ब्याक-हो लोडर सञ्चालनका लागि स्थापना गरिएको कोष सम्झनुपर्दछ ।

(ठ) “अपरेटर” भन्नाले गाउँपालिकाले नियुक्त गरेको ब्याक-हो लोडरको चालक तथा सह-चालक लाई सम्झनुपर्दछ ।

४. **सञ्चालन विधि**

बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयमा रहेको ब्याक-हो लोडर सञ्चालनका लागि देहायको प्रकृया पुरा भएपश्चात मात्र खटाइनेछ :

(क) ब्याक-हो लोडर माग गर्ने व्यक्ति, समूह वा संस्थाबाट गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको फारामका ढाँचामा दरखास्त पेश गर्नुपर्नेछ ।

(ख) ब्याक-हो लोडर माग गर्ने व्यक्ति, समूह वा संस्थाका माग निवेदन उपर कार्यालय प्रमुख प्रशासकीय अधिकृतबाट आदेश भएपश्चात के-कति समयका लागि माग गरिएका हो, माग गरिएको समय बराबरको गाउँ कार्यपालिकाको कार्यालयले तोके अनुसारका शुल्क अग्रिम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै वा तोकिएका बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ । तर गाउँपालिकाको वार्षिक कार्यक्रम अन्तर्गतका विकास योजनाका उपभोक्ता समितिको हकमा भने योजना समाप्त भएपछि तोकिएको शुल्क गर्दा बाधा पर्ने छैन ।

(ग) ब्याक-हो लोडर माग गर्ने व्यक्ति, समूह वा संस्थाले गाउँ कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाएपश्चात गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ

खटाउने व्यवस्था मिलाईने छ ।

(घ) ब्याक-हो लोडर अपरेटरलाई गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेश विना कुन स्थान विशेषमा मेशिन लगि काम गर्ने गराउने अधिकार रहने छैन ।

(ङ) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल प्रमुख प्रशासकीय अधिकृतलाई खबर गरि थप कार्यआदेश लिएर थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नु पर्नेछ ।

(च) मेशिन प्रयोग गरे बापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए बमोजिम हुनेछ ।

(छ) मेशिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरका हिसाव गणना गरी लाग्ने शुल्क मेशिन प्रयागकर्ताले बुझाउनु पर्नेछ ।

(ज) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरि कार्यालय फिर्ता भएपश्चात मेशिन अपरेटरले कामको विवरणसहित मिटरका अद्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(झ) अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरूको व्यवस्था गरिने छ ।

(ञ) गाउँ कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ ।

(ट) ब्याक-हो लोडर माग गर्ने व्यक्ति, समूह वा सङ्घसंस्थाले ब्याक-हो लोडर शुल्क बुझाउँदा कोषको खाता रहेको बैंकमा तोकिएको खाता नं. मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

## ५. ब्याक-हो लोडर कोष सञ्चालन सम्बन्धी व्यवस्था

(क) बेथानचोक गाउँपालिकामा रहेको ब्याक-हो लोडर सञ्चालनका लागि एक कोष स्थापना गरिनेछ । उक्त कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा प्रमुखबाट संयुक्त रुपमा गरिने छ ।

(ख) कोषमा देहाय बमोजिमको रकमबाट आम्दानी बाँधिनेछ :

(अ) ब्याक-हो लोडर सञ्चालन बापतको शुल्क

(आ) गाउँसभाबाट विनियोजित रकम

(ग) कोषको लेखापरीक्षण कार्यालयको आन्तरिक लेखा परीक्षण इकाइ तथा

महालेखा परीक्षकबाट गरिने छ ।

(घ) प्रत्येक आर्थिक वर्षमा कोषको रकम आन्तरिक आम्दानीको रुपमा गाउँपालिकाको संचित कोषमा आम्दानी बाँधिनेछ ।

६. अपरेटर सम्बन्धी व्यवस्था :

(क) बेथानचोक गाउँपालिकामा रहेको ब्याक-हो लोडर सञ्चालन गर्न एक अपरेटर र एक सहायक अपरेटर रहनेछन् ।

(ख) अपरेटरको नियुक्ती करार कर्मचारी नियुक्त गर्ने कार्यविधि बमोजिम हुनेछ ।

(ग) अपरेटरको सेवा सुविधा कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(घ) अपरेटरको जिम्मेवारी तथा कर्तव्य करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

(ङ) अपरेटरले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिने छ ।

७. इन्धन तथा मर्मत सम्वन्धी व्यवस्था

(क) अपरेटरले इन्धन तथा लुव्रिकेन्टस् माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुव्रिकेन्टस् खपतका अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरि इन्जिनियरको सिफारिससहित कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(ख) इन्धन तथा लुव्रिकेन्ट्स र मर्मतसम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयका जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(ग) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भारका कार्य गरिनेछ ।

(घ) मर्मत सम्भारका कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

८. ब्याक-हो लोडर सञ्चालन शुल्क

कुनै व्यक्ति, संस्था वा सङ्घसंस्थाबाट ब्याक-हो लोडर माग भै आएमा देहाय बमोजिमको शुल्क कोषको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

| सि.नं. | कामका प्रकार | ब्याक-हो | कैफियत |
|---|---|---|---|
| १. | बेथानचोक गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको आफ्नो लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरू | प्रतिघण्टा रु. १९००/- (इन्धन, मू.अ.कर समेत) | |
| २. | बेथानचोक गाउँपालिका क्षेत्रभित्र अन्य व्यक्ति निकाय तथा ठेक्कापट्टामार्फत सञ्चालित योजनाहरु | प्रतिघण्टा रु. २०००/- (इन्धन, | |
| *समितिको सिफारिसमा कार्यपालिकाबाट समय-समयमा ब्याक-हो लोडर सेवा शुल्क परिवर्तन गर्न सक्नेछ ।* | | | |

## ९. ब्याक-हो लोडर सञ्चालन समिति

(क) ब्याक-हो लोडर मेसिनलाई सञ्चालन तथा व्यवस्थापनका लागि तपसिल बमोजिमको अध्यक्षका संयोजकत्वमा एक समिति रहने छः

- अध्यक्ष - संयोजक
- पूर्वाधार विकास समितिको संयोजक - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- ईन्जिनीयर - सदस्य
- जिन्सी शाखा प्रमुख - सदस्य सचिव

(ख) समितिले आवश्यक ठानेमा पदाधिकारी, कर्मचारी, विशेषज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## १०. समितिको काम, कर्तव्य र अधिकार :

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे,

नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने ।

(ग) सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(ङ) सरोकारवालासँग आवश्यकता अनुसार सेवा बारे समिक्षा बैठक गर्ने ।

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## ११. विविध

(क) मेशिनका माईलमिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(ग) मेशिन कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । गाउँपालिकाका इन्जिनियर वा जिन्सी शाखा प्रमुखले समेत मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्ने छ ।

(ग) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।

अनुसूची १

<u>माग निवेदन</u>

मिति : ..............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
बेथानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय ।

**विषय : ब्याक हो लोडर उपलब्ध गरी पाउँ ।**

महोदय,

यस बेथानचोक गाउँपालिकाको कार्यालयको ब्याक-हो लोडर देहाय बमोजिमको कामका लागि आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु/छौँ । नियमानुसार लाग्ने शुल्क लिई ब्याक-हो लोडर उपलब्ध गराई पाउँ ।

ब्याक-हो लोडर माग गर्नेले भर्ने :

| ब्याक-हो लोडर माग गर्ने व्यक्ति/संस्था/उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | ब्याक-हो लोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

...................................
माग गर्नेको दस्तखत

## अनुसूची २

**स्वीकृती प्रदान गरिएको**
**बेथानचोक गाउँपालिकाको तर्फबाट भर्ने**

श्री ........................................................................ को मिति .......................... को माग निवेदन बमोजिम ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधी, २०७६ को अधीनमा रही सञ्चालनका लागि अनुमति दिइएको छ ।

| गाउँपालिकाबाट खटिने स्थानसम्म लाग्ने अनमानित | माग गरिएको समय र | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

......................... ............................ ..............................

जिन्सी शाखा
पेश गर्ने

इन्जिनियर
चेक गर्ने

योजना शाखा प्रमुख
सिफरिस गर्ने

**राजस्व शाखाले भर्ने :**

| रसिद नं. र मिति | जम्मा गरिएको | रकम बुझ्नेको |
|---|---|---|
| | | |

..............................
प्रमुख प्रशासकीय अधिकृत
स्वीकृत गर्नेको दस्तखत

## अनुसूची ३
(ब्याक-हो लोडर मर्मत सम्बन्धी निवेदनको ढाँचा )

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
बेथानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेथानचोक, काभ्रे, प्रदेश नं. ३

विषय : **ब्याक-हो लोडर मर्मत सम्बन्धमा।**

महोदय,

यस बेथानचोक गाउँ कार्यपालिकाको ब्याक-हो लोडरको तपशिलको पार्टसमा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु।

<u>तपशिल</u>

| **समस्या आएका सामान वा पार्टस्को विवरण** | **परिमाण** | **सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

मेशिन अपरेटरको दस्तखत :

............................

नाम :

**इन्जिनियरले भर्ने :**

उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देखिएकाले सिफारिस गर्दछु।

......................

दस्तखत

*आज्ञाले,*
*कृष्णप्रसाद सापकोटा*
*प्रमुख प्रशासकीय अधिकृत*